(३६४)

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४५४/२०७१/०७२

बारा जिल्ला गा.वि.स. भगवानपुर - ५ वस्ने हेमचन्द्र प्रसाद जैसवार ..............................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, गाउँ विकास समितिको कार्यालय भगवानपुर, बारा ..................................१ विपक्षी
सूचना अधिकारी, गाउँ विकास समितिको कार्यालय भगवानपुर, बारा ..................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

बारा जिल्ला गा.वि.स. भगवानपुर - ५ बस्ने हेमचन्द्र प्रसाद जैसवारले गाउँ विकास समितिको कार्यालय भगवानपुर, बारा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।१८ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी गाउँ विकास समितिको कार्यालय भगवानपुर, बाराका प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

तपसिल

१. गा.वि.स.को कार्यालयबाट आ.व. २०६९/०७० र आ.ब २०७०/०७१ गरी २ बर्षमा गा.वि.स.को ९ वटै वडाहरुमा वितरण गरिएको सार्वजनिक सुरक्षा भत्ता (बृद्ध, एकल महिला र अपाङ्ग) तथा बाल पोषण भत्ता पाउने व्यक्तिहरुको नाम, ठेगना, उमेर तथा बुझेको रकम सहितको विवरणको प्रमाणित प्रतिलिपि ।
२. यस गा.वि.स.ले आ.व. २०७०/०७१ मा सम्पन्न गरेको योजनाको समीक्षा वैठकको निर्णयको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुत्त |

ईति सम्वत् २०७२ साल असार २३ गते रोज ४ शुभम् ।